# गैंडाकोट राजपत्र

खण्ड :०७ संख्या :०१ मिति : २०८१/०३/०५

## भाग □०१

## गैंडाकोट नगरपालिका

नेपालको संविधान बमोजिम गैंडाकोट नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### गैंडाकोट नगरपालिकाको संस्था दर्ता ऐन, २०८१

**प्रस्तावनाः**

गैंडाकोट नगर क्षेत्रभित्र कार्यक्षेत्र निर्धारण गरि आर्थिक, सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, खेलकुद, शारीरिक वा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्न र कानून बमोजिमदर्ता भएका संस्थाहरुको नियमन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गैंडाकोट नगरसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो ऐनको नाम "गैंडाकोट नगरपालिकाको संस्था दर्ता ऐन, २०८१"रहेको छ ।

(२) यो ऐन तुरुन्त लागु हुनेछ ।

(३) यो ऐन नगरक्षेत्रभित्र मात्र लागु हुनेछ ।

२. **<u>परिभाषा र व्याख्याः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) "नगरसभा" भन्नाले गैंडाकोट नगरसभालाई सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले गैंडाकोट नगरपालिका सम्झनु पर्छ ।

(ग) "प्रमुख" भन्नाले गैंडाकोट नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

(घ) "उपप्रमुख" भन्नाले गैंडाकोट नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्दछ ।

(ङ) "दर्ता अधिकारी " भन्नाले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीलाई सम्झनुपर्दछ ।

(च) "संस्था" भन्नाले आर्थिक, सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, आमा समूह, मण्डल, अध्ययनकेन्द्र जस्ता गैर नाफामुलक संस्था सम्झनु पर्छ र सो शव्दले टोल विकास संस्था समेतलाई जनाउँछ ।

(छ) "प्रवन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समितिलाई सम्झनुपर्छ।

(ज) "विधान" भन्नाले संस्थाको विधानलाई सम्झनुपर्दछ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **<u>दर्ता नगरी संस्था खोल्न नहुनेः</u>**

(१) यस ऐन बमोजिम गैंडाकोट नगरपालिकामा दर्ता नगरी कसैले पनि संस्था स्थापना र सञ्चालन गर्न हुँदैन ।

(२) प्रचलित नेपाल कानून बमोजिम अन्यत्र संस्था स्थापना गरी यस नगरपालिका क्षेत्र भित्र शाखा विस्तार गर्दा समेत यस नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ ।

४. **संस्थाको दर्ताः**

(१) प्रचलित कानुनले स्पष्ट रुपमा तोकेका अन्य निकायमा दर्ता गर्नु पर्ने संस्थाहरु बाहेक यो ऐन बमोजिम गैंडाकोट नगरपालिका क्षेत्र भित्र कार्यक्षेत्र रहने संस्था दर्ता गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई स्थापना गर्न चाहेको संस्थाको विधानको १ (एक) प्रति र तोकिएको दस्तुर सहित दर्ता अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(क) संस्थाको नाम,

(ख) उद्देश्यहरु

*(गैर राजनीतिक, गैर नाफामुलक र सेवामुलक हुनुपर्नेछ र शैक्षिक, बैज्ञानिक, सास्कृतिक, सामाजिक, कला साहित्य प्रवर्धन गर्ने किसिमको हुनु पर्नेछ साथै धार्मिक, साँस्कृतिक तथा साम्प्रदायिक सहिष्णुता नखल्बलाउने खालको हुनुपर्नेछ)*

(ग) प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना, पेशा र तीनपुस्ते विवरण,

(घ) आर्थिक स्रोत,

(ङ) कार्यालय खोल्ने ठेगाना,

(च) पदाधिकारीको नेपाली नागरीकताको प्रमाण पत्रको प्रतिलिपी ।

(२) सम्बन्धित वडाको सिफारिस पत्र ।

(३) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएपछि दर्ता अधिकारीले आवश्यक छानविन गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ता प्रमाणपत्र दिनेछ ।

(४) प्रचलित कानुन बमोजिम अन्य निकायमा दर्ता भै स्थापना र संचालनमा रहेका संस्थाहरु यस ऐन बमोजिम दर्ता/सुचीकरण हुन साविक दर्ता प्रमाणपत्र संलग्न राखी निवेदन दिनुपर्नेछ।

तर प्रचलित नेपाल कानून विपरित हुने गरी कुनै संस्था दर्ता गरी सञ्चालन गर्न पाइने छैन र संस्थाको नामबाट कानूनले प्रतिबन्ध लगाएको कार्य गर्न पाइने छैन ।

(५) यस दफा अन्तर्गत दिईने प्रमाणपत्रको ढाँचा, अवधी, नवीकरण र नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

**५. संगठित संस्था मानिने:**

(१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न सक्नेछ। तर बेचविखन गर्दा नगरपालिकाको स्विकृती लिनु पर्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्नेछ ।

**६. संस्थाको सम्पत्तिः**

(१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा दर्ता अधिकारीले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्ने संस्था वा व्यक्तिबाट संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी दर्ता अधिकारीले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध गरेमा संस्था, संस्थाको कुनै सदस्य वा दर्ता अधिकारीले प्रचलित कानून बमोजिम मुद्दाको कारवाही चलाउन सक्नेछ ।

**७. अघि दर्ता नभई स्थापना भएको संस्थाले दर्ता गर्ने:** यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापना भएका संस्थाले पनि यो ऐन प्रारम्भ भएको तीन महिना भित्र यो ऐन बमोजिम नगरपालिकामा संस्था दर्ता गर्नु पर्नेछ ।

**८. संस्थाको उद्देश्यहरुमा हेरफेरः**

(१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखिएमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो दुवै संस्थाको प्रवन्ध समितिले तत् सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

(२) विशेष साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव विशेष साधारण सभाबाट पारित भएको मानिनेछ । तर सो प्रस्ताव लागु गर्न दर्ता अधिकारीको पूर्व स्वीकृती लिनु पर्ने छ ।

**९. <u>हिसाबको विवरण पठाउनु पर्ने:</u>** प्रवन्ध समितिले आफ्नो संस्थाको कामको प्रगति, हिसाबको विवरण, लेखापरीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष नगरपालिका समक्ष पेस गर्नु पर्नेछ ।

**१०. <u>हिसाब जाँच गर्ने:</u>**

(१) दर्ता अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब आफुले खटाएको वा नियुक्त गरेको कुनै कर्मचारीद्धारा जाँच गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाबजाँच गराए बापत दर्ता अधिकारीले हिसाबजाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाइ आफूले निर्धारित गरेको दस्तूर असुल गरी लिन सक्नेछ ।

(३) हिसाबजाँच गर्ने कर्मचारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको उपयुक्त जवाफ दिनु प्रत्येक संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाबजाँच गर्ने कर्मचारीले दर्ता अधिकारीले तोकिदिएको म्याद भित्र हिसाबजाँचको प्रतिवेदन दर्ता अधिकारी समक्ष पेस गर्नु पर्ने छ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने दर्ता अधिकारी लाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी भएको रकम वा जिन्सी असुल गर्न प्रचलित कानुन बमोजिम कारवाही चलाउन सक्नेछ । तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा अन्य प्रचलित कानून बमोजिम निज उपर मुद्दा चलाउन बाधा पर्ने छैन ।

**<u>११.अख्तियारी दिन सक्ने:</u>**

(१) प्रमुख प्रशासकीय अधिकृतले कार्यालयको अधिकृतस्तरको कर्मचारीलाई दर्ता अधिकारीको रुपमा जिम्मेवारी दिन सक्नेछ ।

(२) दर्ता अधिकारीलाई अख्तियारी प्रदान गरेपछि स्थानीय अधिकारीको जिम्मेवारी दर्ता अधिकारीमा स्वतः प्रत्यायोजन हुनेछ।

**१२. निर्देशन दिनेः**

नगरपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१३. दण्ड र सजायः**

(१) ऐनको दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका प्रवन्ध समितिका सदस्यहरुलाई दर्ता अधिकारीले जनही ५ (पाँच) सय रुपैया सम्म जरीवाना गर्न सक्ने छ ।

(२) दफा९ बमोजिमको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यहरुलाई दर्ता अधिकारीले जनही २ (दुई) सय रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

तर कुनै सदस्यले दफा ९ उल्लंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने दर्ता अधिकारी लाई लागेमा निजलाई सजाय मिन्हा दिन सक्नेछ ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाबजाँच गर्न सम्बन्धित कर्मचारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई दर्ता अधिकारीले पाँचसय रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम दर्ता अधिकारीको पूर्व स्वीकृती नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुनेगरी कामकारवाही गरेमा नगरपालिकाले दिएको निर्देशन पालन नगरेमा दर्ता अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्वन वा खारेज गर्न सक्नेछ ।

**१४. पुनरावेदनः** दर्ता अधिकारीले गरेको अन्तिम निर्णय उपर ३५ दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ ।

**१५. संस्थाको विघटन र त्यसको परिणामः**

(१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा नगरपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व नगरपालिकाले व्यहोर्नेछ । तर संस्थाको जायजेथाले नखाम्ने अन्य दायित्व नगरपालिकाले व्यहोर्ने छैन ।

**१६. <u>अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने</u>:** यस ऐन बमोजिम दर्ता भएको संस्था प्रचलित नेपाल कानून बमोजिम अन्यत्र दर्ता र इजाजत लिई सञ्चालन गर्नु पर्ने रहेछ भने यस ऐन बमोजिम दर्ता भएको संस्थाले सो ऐन बमोजिम दर्ता वा स्थापना गरी इजाजत लिनु पर्नेछ ।

**१७. <u>नियम बनाउने अधिकार</u>:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले नियम बनाउन सक्नेछ ।

**१८. <u>खारेजी र बचाउः</u>**

(१) संस्था दर्ता, नविकरण सम्बन्धी व्यवस्थापन अन्य प्रचलित कानूनमा व्यवस्था भएकोमा बाहेक यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(२) यस ऐनमा भएको कुनै व्यवस्था प्रचलित संघीय र प्रदेश कानून सँग बाझिने भएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

<u>आज्ञाले</u>,
झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत